जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ८७ • २०८२ माघ ४ गते आईतवार • 18 Jan. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## बारा-४ बाट विनय यादव उम्मेदवार बन्ने घोषणासहित राष्ट्रिय एकता दलको क्षेत्रीय सम्मेलन सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**बारा, ३ माघ**

हिन्दू राष्ट्रको पुनः स्थापना, राष्ट्रिय स्वाभिमान र सुदृढ राष्ट्रिय एकताको मूल एजेन्डासहित राष्ट्रिय एकता दल बारा-४ को क्षेत्रीय सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ । सम्मेलन दलका बारा जिल्ला अध्यक्ष अकलेश कुशवाहाको अध्यक्षतामा सम्पन्न भएको हो ।




सम्मेलनका प्रमुख अतिथि तथा बारा-४ बाट प्रतिनिधिसभा निर्वाचनका उम्मेदवार राष्ट्रिय एकता दलका केन्द्रीय अध्यक्ष विनय यादवले देश आज निर्णायक मोडमा पुगेको बताउँदै हिन्दू राष्ट्रको एजेन्डा केवल धार्मिक नभई राष्ट्रिय अस्तित्वसँग जोडिएको विषय भएको स्पष्ट पार्नुभयो। उहाँले बारा-४ लाई राष्ट्रवादी राजनीतिको केन्द्र बनाउने प्रतिबद्धता व्यक्त गर्दै जनताको विश्वास नै आफ्नो मुख्य शक्ति भएको बताउनुभयो ।

कार्यक्रममा केन्द्रीय सदस्य एवं दलित विभाग प्रमुख जितेन्द्र दासले विनय यादवलाई संघर्षशील, सिद्धान्तनिष्ठ र सबै वर्ग-समुदायलाई समेट्न सक्ने नेता भएको उल्लेख गर्दै बारा-४ बाट उहाँको उम्मेदवारीले दलित, उत्पीडित र उपेक्षित समुदायलाई नयाँ आशा दिएको बताउनुभयो । प्रदेश सचिव दिलीप गुप्ताले बारा-४ बाट केन्द्रीय अध्यक्ष स्वयं उम्मेदवार बन्नु ऐतिहासिक निर्णय भएको बताउँदै यसले राष्ट्रिय एकता दलको राजनीतिक गम्भीरता र क्षेत्रप्रति प्रतिबद्धता प्रस्ट भएको धारणा राख्नुभयो ।

राष्ट्रिय समता पार्टीका महासचिव डा. अभिषेक तिवारीले विनय यादवको उम्मेदवारीलाई राष्ट्रवादी र वैचारिक राजनीतिका लागि सकारात्मक संकेत भन्दै हिन्दू राष्ट्र र राष्ट्रिय एकताको सवालमा उहाँसँग सहकार्य गर्दै अगाडि बढ्न तयार रहेको मन्तव्य व्यक्त गर्नुभयो । त्यसैगरी हिन्दू परिषदका बिकी श्रॉफ, बाबा मदन मोहन दास, बजरंगी बाबा र महन्त शिवनाथ दासले बारा-४ बाट विनय यादव उम्मेदवार बन्नु केवल एक व्यक्ति चयन नभई हिन्दू सभ्यता र राष्ट्रिय अस्मिताको प्रतिनिधित्व भएको भन्दै पूर्ण समर्थन जनाएका थिए । हिन्दू अभियन्ता ब्रिज किशोर ठाकुरले विनय यादवजस्ता स्पष्ट विचार र साहसिक नेतृत्व भएको व्यक्तित्व संसद्मा पुग्न आवश्यक रहेको बताउनुभयो। नेपाल पत्रकार महासंघका अनिल गौरवले विनय यादवको उम्मेदवारीले राष्ट्रिय बहसलाई नयाँ दिशा दिने विश्वास व्यक्त गर्नुभयो ।

हिन्दू स्वयंसेवक संघका ओमबाबु यादव, दलका अवधेश मण्डल, संदीप राजभर,रंजन सिंह, बिकाऊ भंडारी थारू,लगायत वक्ताहरूले बारा-४ मा विनय यादवप्रति जनसमर्थन तीव्र रूपमा बढ्दै गएको र उहाँको उम्मेदवारीलाई ऐतिहासिक विजयमा परिणत गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सम्मेलनले आगामी प्रतिनिधिसभा निर्वाचनमा बारा-४ बाट केन्द्रीय अध्यक्ष विनय यादवलाई उम्मेदवार बनाउने औपचारिक समर्थन प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ । कार्यक्रमको सञ्चालन दलका जिल्ला सदस्य सत्येन्द्र साहले गर्नुभएको थियो ।

सम्मेलनमा हजारौँको संख्यामा क्षेत्रका जनताको उत्साहजनक सहभागिता रहेको थियो, जसले बारा-४ मा राष्ट्रिय एकता दलको संगठनात्मक शक्ति र जनआधार मजबुत हुँदै गएको संकेत गरेको छ ।

## नेपाल-भारत सशस्त्र प्रहरीबीच मैत्रीपूर्ण क्रिकेट, नेपाल विजयी

**मो. इर्शाद**
**महोत्तरी, ३ माघ**

सशस्त्र प्रहरी बल नेपाल ९ नम्बर गण महोत्तरीको २५औं स्थापना दिवस (रजत महोत्सव) को अवसर मा सशस्त्र प्रहरी बल नेपाल र भारतको सशस्त्र सीमा सुरक्षा बल (एसएसबी) ५१ बटालियन सितामढी बीच भएको मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा नेपाल सशस्त्र प्रहरी बल विजयी भएको छ ।

महोत्तरीको जलेश्वर नगर पालिका-३ खैरामा आज दिउँसो १ बजेबाट सुरु भएको खेलमा टस जितेको भारतीय सशस्त्र सीमा बलले नेपाली टोलीलाई पहिले ब्याटिङको निम्तो दिएको थियो ।

१६ ओभरको खेलमा नेपाल सशस्त्र प्रहरी बलको टोलीले निर्धारित ओभरमा १५६ रन बनाउन सफल भयो ।

१५७ रनको लक्ष्य पछ्याउँदै मैदानमा उत्रिएको भारतीय सशस्त्र सीमा बलको टोलीले १४ ओभर मै सबै विकेट गुमाउँदै ८८ रन मात्र जोड्न सक्यो। यससँगै नेपाल सशस्त्र प्रहरी बलले ६८ रनको शानदार जित हात पार्‍यो ।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका चन्दन राउतले ब्याटिङतर्फ ४३ रन तथा बलिङतर्फ २ विकेट लिएर 'म्यान अफ दि म्याच' घोषित भए ।



विजयी नेपाली सशस्त्र प्रहरी टोलीलाई महोत्तरीका एसपी शेर बहादुर अधिकारी र भारतको सिमामढीका एसपी संजीव कुमार सिंहले संयुक्त रूपमा ट्रफी प्रदान गरे । यस अवसरमा खेललाई कमेन्ट्रीमार्फत रोमान्चक बनाएका आरजे इर्सादलाई समेत सम्मान गरिएको थियो । नेपाल-भारत दुवै देशका सशस्त्र प्रहरीबीच भएको मैत्रीपूर्ण खेलमा आपसी सद्भाव, मित्रता र सहकार्यको सन्देश दिँदै एक-अर्कालाई मायाको चिनो आदान-प्रदान गरी प्रतियोगिताको समापन गरिएको थियो ।




### आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं ।
- कोठामा आगो, हीटर, बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




## मधेसमा एमाले र काँग्रेसलाई चुनौति

नयाँ शक्तिको राप र ताप महसुस गरेर नै विगतमा विभाजित भएका मधेसवादी दलहरू एकीकृत भइरहेको देखिन्छ। यसपटक मधेसवादी दलहरूबीच बृहत् चुनावी गठबन्धनको तयारी गरिरहेको देखिन्छ। २०७९ सालको निर्वाचनमा एमालेले मधेसमा सोचेभन्दा राम्रो सफलता प्राप्त गरेको देखिन्छ । यदि मधेसवादी दलहरू एक भएको खण्डमा कांग्रेस र एमाले दुवैका लागि मधेसमा चुनौती थपिने पक्कापक्की रहेको देखिन्छ। चुनावी तालमेलले भावी सत्तासमीकरणलाई निर्देशित गर्ने देखिन्छ। यदि कांग्रेसँग चुनावी गठबन्धन भएमा निर्वाचनपछि दुई पार्टीको सरकार निर्माण हुने प्रक्षेपण एमालेको रहेको देखिन्छ। यदि त्यसो हुन नसके अर्को पाँच वर्ष नयाँ राजनीतिक दलहरूले सरकार निर्माण हुने र त्यो सरकार आफूहरूविरुद्ध प्रयोग हुन सक्ने त्रास एमाले र कांग्रेसलाई रहेको देखिन्छ । निर्वाचनपछि पनि आफूहरूलाई सत्तामा आउन नदिने षड्यन्त्र भएको कांग्रेस र एमालेको बुझाइ रहेको देखिन्छ ।

# सभामुख यादवद्वारा सम्पूर्ण प्रदेशवासीमा हार्दिक बधाई तथा शुभकामना व्यक्त

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३ माघ**



मधेस प्रदेश सभाका सभामुख राम अशिष यादवले मधेस प्रदेशको ऐतिहासिक नामकरण तथा जनकपुरधामलाई स्थायी राजधानी कायम गरिएको दिवसको अवसरमा शनिबार सम्पूर्ण प्रदेशवासीलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका छन् ।

शुभकामना सन्देशमा सभामुख यादवले नागरिक हक, अधिकार, पहिचान, र सामाजिक न्यायका लागि भएका विभिन्न जनआन्दोलन, मधेस जनविद्रोह, र जनयुद्धमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् । उनले शहिदहरूको बलिदान, संघर्ष, र त्यागकै फलस्वरूप मधेस प्रदेशको पहिचान संस्थागत भएको उल्लेख गर्दै उनीहरूले देखाएको बाटोमा हिँड्नु आजको साझा दायित्व भएको बताएका छन् ।

"सामाजिक न्याय, समानता, स्वाभिमान र समावेशितामा आधारित लोकतान्त्रिक समाज निर्माण आज हाम्रो साझा दायित्व बनेको छ," सन्देशमा भनिएको छ । सभामुख यादवले संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म अनुरूप मधेस प्रदेशले सुशासन, शान्ति, र समृद्धिको मार्गमा अघि बढ्दै शहिदहरूको सपनालाई साकार पार्ने विश्वास व्यक्त गरेका छन्। यस दिवसले मधेसको पहिचान, स्वाभिमान, र समावेशी लोकतन्त्रको यात्रालाई स्मरण गराउने बताउँदै उनले प्रदेशले सामाजिक न्याय र समृद्ध सुशासनको दिशामा निरन्तर प्रगति गर्ने अपेक्षा राखेका छन् ।

# नेपाली कांग्रेसको पार्टी कार्यालय धनुषामा खुशियाली



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३ माघ**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले निर्वाचन आयोगबाट पार्टीको आधिकारिकता पाएपछि धनुषा जिल्लास्थित नेपाली कांग्रेसको पार्टी कार्यालयमा खुशियाली मनाइएको छ ।

आधिकारिकता प्राप्त भएको खुसीयालीमा कांग्रेस नेता तथा कार्यकर्ताहरूले एक-अर्कालाई लड्डु खुवाउँदै उत्सव मनाएका हुन्। पार्टी कार्यालयमा भेला भएका कार्यकर्ताहरूले लोकतन्त्र, विधि र विधानको जीत भएको भन्दै निर्वाचन आयोगको निर्णयलाई स्वागत गरेका छन् ।

कार्यक्रममा बोल्दै कांग्रेस नेताहरूले विशेष महाधिवेशनमार्फत पार्टीभित्र स्थापित भएको विधि र प्रक्रिया बलियो बनेको उल्लेख गर्दै अब पार्टीलाई एकताबद्ध रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । खुसीयाली कार्यक्रममा सहभागी कार्यकर्ताहरूले सभापति गगन थापाको नेतृत्वमा नेपाली कांग्रेसले नयाँ ऊर्जा र दिशासहित देश तथा जनताको पक्षमा काम गर्ने विश्वास व्यक्त गरेका छन् ।





अनुरोधकर्ता
एकडारा गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


### तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: लामो यात्राको योग छ
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात



### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा





बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

जलेश्वर टुडे
18 Jan. 2026



# क्यानाडाको 'चीन टर्निङ': ट्रम्पको कर नीतिका कारण कार्नी र सीबीच ऐतिहासिक सम्झौता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ माघ**



बेइजिङमा क्यानाडाका प्रधानमन्त्री मार्क कार्नी र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच शुक्रबार व्यापार, पर्यटन र भिसा नियमका विषयमा एक ऐतिहासिक सम्झौता भएको छ।

प्रधानमन्त्री कार्नीले यसलाई चीनसँगको 'नयाँ रणनीतिक साझेदारी' को रूपमा व्याख्या गर्दै यस ऐतिहासिक उपलब्धिको प्रशंसा गरेका छन्। यस सम्झौताले वर्षौंदेखिको कूटनीतिक विवाद, एकअर्काका नागरिकहरूको प्रतिशोधात्मक गिरफ्तारी र व्यापारिक अवरोधहरूलाई अन्त्य गर्ने विश्वास गरिएको छ। विशेषगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानाडाली उत्पादनहरूमा आक्रामक रूपमा कर वृद्धि गरेपछि क्यानाडाले आफ्नो परम्परागत सहयोगी अमेरिकामाथिको निर्भरता कम गर्न चीनतर्फ हात बढाएको देखिन्छ। सम्झौताको मुख्य बुँदाअनुसार क्यानाडाको सबैभन्दा ठूलो बजार चीनमा मार्च १ सम्ममा क्यानोला उत्पादनहरूमा लाग्ने ८४ प्रतिशतको करलाई घटाएर १ देखि १५ प्रतिशतमा झारिनेछ। यसको बदलामा क्यानाडाले ६.१ प्रतिशतको सहुलियतपूर्ण करमा ४९ हजार चिनियाँ विद्युतीय सवारी साधन आयात गर्ने सहमति जनाएको छ।

# जर्जियाको 'वर्ल्ड राइजिङ स्टार' मा नेपाललाई शीर्ष उपाधि

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ माघ**



जर्जियाको तिब्लिसीमा सम्पन्न आठौं संस्करणको 'वर्ल्ड राइजिङ स्टार' मा नेपाली प्रतियोगी समृद्धि शाहले शीर्ष उपाधि जितेकी छन्। 'डीसएस स्टार सिजन १६' को डान्सिङ विधाको विजेता समृद्धिले ७ देखि १० वर्षको उमेर समूहको प्रतियोगितामा विश्वभरका ४० बढी देशका प्रतिस्पर्धीलाई पछि पार्दै शीर्ष ताज पहिरिएकी हुन्।

समृद्धि काठमाडौंको तारकेश्वरस्थित युनाइटेड स्कलर्स एकेडेमीमा कक्षा ४ मा पढ्छिन्। प्रतियोगितामा समृद्धिसँगै गएका 'डीएसए स्टार सिजन १५' का विजेता प्रनिक थापाले 'ग्राण्ड प्रिक्स ट्यालेन्ट' उपाधि जिते। प्रनिक नागार्जुनस्थित काठमाडौं भ्याली स्कुलमा कक्षा ३ पढ्छन्।

प्रतियोगिता ८ देखि १३ जनवरीसम्म भएको थियो। नेपालबाट परिवर्तन इभेन्ट हाउसले प्रनिक र समृद्धिलाई जर्जिया पठाएको थियो। उनीहरूसँगै संस्थाका निर्देशक राज बराइली पनि जर्जिया गएका थिए। प्रतियोगितामा राज बराइलीले सर्वोकृष्ट अन्तर्राष्ट्रिय डाइरेक्टरको अवार्ड पाएका थिए। नेपाली प्रतियोगीले नेपाली कला, संस्कृतिको प्रस्तुतिसँगै नेपालको मौलिक खानाको प्रदर्शनीमा राखेका थिए।

# प्रतिनिधि सभा निर्वाचन हुन ४७ दिन बाँकी, सामग्री आपूर्तिका लागि १३ संस्था सूचीकृत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ माघ**




निर्वाचन आयोगले हिमाली तथा उच्च हिमाली क्षेत्रमा मतपत्रलगायतका सामग्री ढुवानीका लागि विभिन्न १३ व्यवसायीक संस्था सूचीकरण गरेको छ। आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक निर्वाचन सामग्री, मतपत्र तथा अन्य अत्यावश्यक सामग्री ढुवानीका लागि कुरियर सेवातर्फ दुई वटा फर्म छनोट गरेको हो।

आयोगका अनुसार, यसरी छनोट भएका व्यवसायीक फर्ममा साझा कुरियर एण्ड कार्गो र ट्रान्स एयर इन्टरनेशनल लजिष्टिक प्रालि रहेका छन्। आयोगले हेलिकोप्टर सेवातर्फ पनि फर्म वा कम्पनीलाई सूचीकृत हुन आग्रह गरेको भएपनि कुनै पनि फर्मले दर्ता गराएका छैनन्। यस्तै, ट्रक तथा कन्टेनर सेवा उपलब्ध गराउनका लागि ११ वटा फर्म सूचीकरण भएका छन्।

आयोगका अनुसार यसरी दर्ता भएका सेवा प्रदायकमा हिमालयन कार्गो लजिष्टिक, वासुकी ट्रान्सपोर्ट, चितवन रोडवेज क्यारियर, न्यू भैरव ट्रान्सपोर्ट, अदिति ट्रान्सपोर्ट छन्। यस्तै, ओम ट्रान्सपोर्ट, हरहर महादेव ढुवानी सेवा, देउती बज्यै कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, कृष्ण ट्रान्सपोर्ट, धवलागिरि कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स र एयर मनकामना कुरियर एण्ड कार्गो प्रालि सूचीकृत भएका छन्।

आयोगले गत पुस १७ गतेको सार्वजनिक सूचनाका आधारमा प्राप्त भएका निवेदनलाई तोकिएको शर्त र बार्षिक औसत कारोबारको आधारमा मूल्याङ्कन गरी ती सेवाप्रदायक फर्मलाई सूचीकृत गरिएको जानकारी दिएको छ। ती सेवाप्रदायक संस्थालाई आयोगले निर्वाचन सामग्री आपूर्तिका लागि परिचालन गर्नेछ।

# महिला टी-२० विश्वकप ग्लोबल छनोटका लागि नेपालसहित सबै टिम तयार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ माघ**



आइतबारदेखि काठमाडौंमा सुरु हुने आईसीसी महिला टी(२० विश्वकप ग्लोबल छनोटका लागि सबै टिमहरू तयार रहेको बताएका छन्। शनिबार साँझ नेपाल क्रिकेट संघ ९क्यान० ले आयोजना गरेको प्रि म्याच प्रेस कन्फरेन्समा सबै टिमका कप्तानले प्रतियोगिताका लागि तयार रहेको बताएका हुन्।

कार्यक्रममा बोल्दै नेपाली क्रिकेट टिमकी कप्तान इन्दु बर्माले प्रतियोगिताका लागि उत्साहित रहेको बताइन्। 'हामी राम्रो क्रिकेट खेल्नेछौं। घरेलु मैदानमा खेल्न उत्साहित छौं, प्रतियोगिता राम्रो हुनेछ भन्ने लागेको छ। १८ वर्षपछि यो मौका पाएका छौं,' इन्दुले भनिन्, 'ठूला टिमसँग खेल्न पाएका छौं। अभ्यास खेलबाट धेरै कुरा सिक्ने अवसर पायौं। उत्साहित छौं, कन्फिडेन्ट पनि छौं।' यो नेपालले आयोजना गर्न लागेको हालसम्मकै ठूलो प्रतियोगिता हो। यस्तो प्रतियोगिताले आउने पुस्तालाई पनि प्लाटफर्म सेट गर्न मद्दत पुग्ने कप्तान इन्दुले बताइन्। 'महिला क्रिकेटका लागि टर्निङ पोइन्ट नै हो। हामीले जति मेहेनत गरेका छौं, आगामी पुस्ताका लागि पनि राम्रो वातावरण बनाउने प्रयास गरेका छौं। प्लाटफर्म पनि सेट।

क्यानलाई पनि अवसर हो,' उनले भनिन्। यस्तै अन्य टिमका कप्तानलेरु पनि अभ्यास खेलमा कन्डिशन बुझ्ने अवसर पाएको र प्रतियोगिताका लागि तयार रहेको बताए।





अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# अवसर पाएर पनि चुकेका पूर्णबहादुर खड्का



-नेपाली कांग्रेसको इतिहासकै सबैभन्दा निर्णायक मोडमा आइपुग्दा पार्टीको बागडोर सम्हाल्ने अवसर पाएका नेतामध्ये एक हुन्, पूर्णबहादुर खड्का । खड्का पार्टीभित्र तुलनात्मक रुपमा विवादरहित, निष्ठावान्, वैचारिक रूपमा अनुशासित नेताको कोटीमा पर्छन् ।

विडम्बना ! कांग्रेसभित्र अहिले जुन खालको उथलपुथलका घटना भए, त्यस जिम्मेवारीबाट खड्का पूर्णतः अलग छैनन् । नवनिर्वाचित सभापति गगनकुमार थापाले शुक्रबार साँझ कान्तिपुरलाई दिएको अन्तर्वार्तामा भनेका छन्,'पूर्ण दाइको पछिल्ला केही दिनयताको जोश र सक्रियता समयमै भएको भए यो अवस्था आउने थिएन ।' थापाले यसो भन्नु सामान्य राजनीतिक टिप्पणी मात्र थिएन, तत्कालीन कार्यवाहक सभापतिको भूमिकामाथि गरिएको गम्भीर प्रश्न थियो । पार्टी विधानको धारा १७ (२) अनुसार आयोजना गरिएको विशेष महाधिवेशन कसैको अनुकूल र प्रतिकूलताको परिणाम थिएन । विधान कार्यान्वयनको बाध्यत्मक परिस्थिति थियो । असोज २९ गते ५४ प्रतिशत प्रतिनिधिको हस्ताक्षरसहित निवेदन दर्ता भयो । त्यो निवेदन खड्का आफैंले बुझेका थिए । नब्बे दिनभित्र बोलाउनुपर्ने विशेष महाधिवेशन केन्द्रीय कार्यसमितिको बाहुबलबाट टार्न खोजियो ।

परिणामतः तत्कालीन दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले बोलाए । त्यसपछि पनि त्यसको वैधानिकतामाथि प्रश्न उठाएर खड्काले निर्वाचन आयोगका निर्णयमाथि अहिले जुन आरोप लगाइरहेका छन्, त्यो उनको राजनीतिक जीवनकै सबैभन्दा बढी असन्तुलित, निष्ठा र नैतिक राजनीतिको आत्मद्वन्द्वको द्योतक हो । विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिलाई निर्वाचन आयोगले अद्यावधिक गरेपछि खड्काले अहिले जे जस्ता प्रतिक्रियाहरु दिइरहेका छन्, ती अस्वाभाविक छन् । उनले आयोगको निर्णयलाई कानुन विपरीत, विदेशी शक्तिको सेटिङ र षड्यन्त्र भनेर त्यसविरुद्ध आन्दोलन, अदालत र निर्वाचन बहिष्कारको चेतावनी दिएका छन् । अब प्रश्न उठ्छ- पार्टी विधानको गहिरो ज्ञान राख्ने लोकतान्त्रिक पार्टीको एक वरिष्ठ नेताले नै ५४ प्रतिशत हस्ताक्षरबाट विशेष महाधिवेशन माग भइसकेपछि त्यसले पार्टी विभाजन हुने भय देखाएर उम्कन मिल्थ्यो ? पार्टी विभाजन हुने भए विधानमा त्यस्तो धारा किन राखियो ?

नेतृत्वको क्षमता भनेको पद धारण गर्नु मात्र होइन, समयको संवेदनशीलता बुझ्नु, परिस्थिति चिन्नु र सही क्षणमा निर्णय लिन सक्नु पनि हो । सही क्षणमा निर्णय लिन नसक्दा कांग्रेस बदल्ने अभियानमा जुटेका शेखर कोइराला निर्णायक मोडमा आएर आफै बदलिए । खडकालाई त्यो अवसर मिलि नै सकेको थियो, तर उनले बदलिँदो समय र समाजको परिस्थितिलाई बुझ्न सकेनन् । केही भाइको राजनीतिक सुरक्षाका लागि उनले आफ्नो निष्ठा र इमानदारिताको खिल्ली उडाए । खड्का आफूलाई सन्तनेता किसनुजीका शिष्य मान्छन् । तर, यसबीचमा तिनै शिष्यले ०५१ सालको कमलादी घटनाबाट कति सिके भन्ने आम प्रश्न उब्जेको छ । त्यतिबेला बेला कृष्णप्रसाद भट्टराई पार्टीका सभापति थिए । गिरिजाप्रसाद कोइराला महामन्त्री । कोइरालाकै निर्देशनमा पार्टी विभाजनको उद्देश्यसहित कमालदीको एकेडमीमा एउटा भेला भएको थियो । त्यस भेलाको अध्यक्षता गरेका थिए भूविक्रम नेम्वाङले । किसनुजीका भतिजा विनोद भट्टराई त्यस क्षण स्मरण गर्दै भन्छन्, 'आफ्नै सहयोगीहरुको घेरा तोडेर किसनुजी ट्याक्सी चढेर सिधै कमालदी पुग्नुभयो । उहाँलाई कसैले बोलाएको थिएन । हरियो चप्पल पड्काउँदै सिधै मञ्चमा जानुभयो । त्यहाँ कतिले अपमान गरे, त्यो अपमानको विष पिएर किसनुजी मञ्चमा बसेर पार्टी विभाजन हुनबाट रोक्नुभयो ।' किसनुजीलाई राजनीतिक गुरु मान्ने खड्काले ३२ वर्षअघिको किसुनजीको त्यो साहस, विवेक र एकताको चेत किन अहिले देखाउन सकेनन् ? यदि उनी पनि भृकुटीमण्डपको पुस २७ को उद्घाटन सत्रमा त्यसैगरी उपस्थित भएको भएको भए अहिले सानेपामा छुट्टै बैठक गर्नुपर्ने अवस्था आउने थिएन । विशेष महाधिवेशको उद्घाटनको दिनसम्म स्वामित्व लिने माग मात्रै गगन-विश्व मुख्य एजेन्डा थियो । त्यो माग विधान विपरीत थिएन, अस्वाभाविक पनि थिएन । तर खड्का र तत्कालीन संस्थापन त्यसमा तयार भएन ।

परिणामस्वरूप माग बढ्दै गए, तनाव चुलिँदै गयो र अन्ततः नयाँ केन्द्रीय कार्यसमिति चयन गर्ने बाटोमा पुग्यो । एकछिन पछाडि फर्केर हेर्ने हो भने असोज २८ को केन्द्रीय कार्यसमिमित बैठकमा शेरबहादुर देउवाले सक्रिय राजनीतिबाट अलग भएको सन्देश मात्रै दिएका थिएनन्, विधानले तोकिएको समयभित्रै महाधिवशेन गराउने अभिभारा पनि सुम्पेका थिए ।

साभार : कान्तिपुर ।


## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलू, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क ब्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढ्ने, कार्वन मोनोक्साईडको मात्रा शरिरमा बढ्ने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राख्नका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ,
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ विशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्कालै औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्वक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश








"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
धनुषाधाम नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday